मितिः २०७९/१०/१६

## प्रेस विज्ञप्ति ।

देशभरका सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका लागि पाठ्यपुस्तक लगायत गुणस्तरीय सिकाइ सामग्रीमा सहज पहुँच पुर्याउने उद्धेश्यले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय मातहतका निकायवाट डिजिटल सामग्रीहरुको उत्पादन, प्रसारण र वितरणका प्रयासहरू भैरहेको सन्दर्भमा अझै पनि कतिपय स्थानहरूमा पर्याप्त जानकारी नभएको भन्ने बुझिन आएकोले देहायबमोजिमका विषयहरू देशभरका सबै शिक्षक, विद्यार्थी, अभिभावक, विद्यालय शिक्षाका सरोकारवालहरू र सर्वसाधारणको जानकारीको लागि अनुरोध छः

१) पाठ्यक्रम विकास केन्द्रको वेभसाइट www.moecdc.gov.np मा डिजिटल पाठ्यक्रम, पाठ्यपुस्तक, सहायक पाठ्यसामग्रीहरु लगायत e-library मा भौतिक पुस्तकालयमा भएका सबै पुस्तकहरुको e-copy उपलब्ध छ । त्यस्तै गरी शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेभसाइट www.cehrd.gov.np मा रहेको learning portal र सिकाइ चौतारी नामक वेभसाइट www.learning.cehrd.edu.np मा केन्द्रवाट विकास गरिएका श्रव्य पाठहरु, श्रव्यदृश्य पाठहरु, डिजिटल किताब, डिक्सनरी र अन्य अडियो तथा भिडियो सामग्रीहरु राखिएका छन् । यी सामग्रीहरू विशेषज्ञहरुको संलग्नतामा विज्ञ र अनुभवी शिक्षकहरुबाट तयार गरिएका सामग्री हुनाले सबै शिक्षक र विद्यार्थीहरूका लागि उपयोगी हुने ठानिएको छ ।

२) शिक्षा तथा मानवस्रोत विकास केन्द्रवाट विकास गरिएका कक्षा १ देखि १० सम्मका श्रव्यदृश्य पाठहरु नेपाल टेलिभिजनको NTV Plus च्यानलबाट आइतबारदेखि शुक्रबारसम्म विहान ६:०० देखि ८:३० सम्म र साँझ ४:३० देखि ७:०० सम्म नियमित रुपमा प्रसारण हुँदै आएको छ । यी प्रसारण गरिएका सामग्रीहरू www.youtube.com/nced virtual वा यूट्यूवमा ncedvirtual मा राखिएको छ र फेसवुक पेज facebook.com/radiodistance मा समेत उपलब्ध छ । शिक्षा तथा मानव स्रोत विकास केन्द्रको e-library मा भौतिक पुस्तकालयमा भएका सबै पुस्तकहरुको e-copy समावेश गरिएको छ ।

३) नेपाल टेलिभिजनको राष्ट्रिय प्रसारणबाट हरेक मंगलबार साँझ ७:०० बजे शिक्षाको चौतारी कार्यक्रम प्रसारण गर्ने गरिएको छ । रेडियो नेपालबाट हरेक मंगलबार र शनिवार शैक्षिक सूचनामूलक र सचेतनामूलक जानकारी तथा लघुनाटकहरु प्रसारण गरिन्छ भने सोमबार देखि शनिबार साँझ ५:१५ देखि ५:४५ सम्म र साँझ ८:२५ देखि ८:५५ सम्म ३० मिनेट नियमित

नेपाल सरकार
# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

पत्र संख्याः-
चलानी नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल ।

(नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल)

रुपमा कक्षा १ देखि १२ सम्मका पाठ्यक्रम र पाठ्यपुस्तकमा आधारित श्रव्य पाठहरु प्रसारण गर्ने गरिएको छ ।

४) विगतका वर्षहरूदेखि नै अनुदान वा सहायता प्राप्त गरी ICT Lab सञ्चालन गरिरहेका ६८६९ विद्यालयहरूले माथि उल्लेख भएका सामग्रीहरू विद्यालयको e-library व्यवस्था गर्नुपर्ने प्रावधान रहेको हुनाले सो बमोजिम नगरेको भए तत्काल प्रवन्ध गरी विद्यार्थीको सिकाइमा प्रयोगमा ल्याउन र अन्य विद्यालयहरूले पनि उल्लेखित सामग्रीहरू प्राप्त गरी शिक्षण सिकाइलाई प्रभावकारी र गुणस्तरीय बनाउन यसको अधिकतम सदुपयोग गर्नुहुन तथा सम्वन्धित स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइहरूले विद्यालयको अनुगमन तथा अन्तरक्रिया जस्ता कार्यक्रमहरूमा यो विषयलाई उच्च प्राथमकितामा राखी सो सम्वन्धी पृष्ठपोषण सम्वन्धित निकायहरूलाई उपलब्ध गराइदिनुहुन समेत अनुरोध गरिन्छ ।

२०७६/१०/१५

(दीपक शर्मा)
सहसचिव एवम् प्रवक्ता

फोन नं.:
वेबसाइटः www.moest.gov.np